आज मिति २०८२ साल श्रावण महिनाको ०५ गते विहान ८.०० वजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँ कार्यपालिकाको १७६ औ नियमित वैठक ( दोश्रो पदाधिकारीको पचासौ वैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल वमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणि भद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ अल्पसख्यक वा दलित सदस्य श्री होम वहादुर नेपाली

१५ दलीत सदस्य श्री थम माया कामी .

१६ सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**म्याग्दे गाउँकार्यपालिकाको १७६औ वैठक मिति २०८२।०४।०५मा पेश भएका ३१ ऐजेण्डाहरु**

०१, वार्षिक समिक्षा / वजेट सार्वजनिक सम्वन्धमा ।
०२, मोटरसाईकल खरिद सम्वन्धमा ।
०३, खानी अनुमती सम्वन्धमा ।
०४, वृद्धिमुखी उद्यमशिलता कार्यक्रम कार्यन्वयन सम्वन्धमा ।
०५, करार पद तहमिलान सम्वन्धमा ।
०६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन जानकारी सम्वन्धमा ।
०७, योजनाको म्यादथप र जिम्मेवारी सार्ने सम्वन्धमा ।
०८, विषयगत शाखा र वडाको वार्षिक कार्ययोजना स्वीकृत सम्वन्धमा ।
०९, स्थानीय दररेट स्वीकृत सम्वन्धमा ।
१०, करार नविकरण सम्वन्धमा ।
११, कार्यसम्पादन सम्झौता सम्वन्धमा ।
१२, अति विपन्न आवासको सूचना प्रकाशन सम्वन्धमा ।
१३, सफ्टवयर नविकरण सम्वन्धमा ।
१४, घरभाडा सम्झौता नविकरण सम्वन्धमा ।
१५, स्टक प्रमार्णीकरण सम्वन्धमा ।
१६, तहवृद्धि तथा वढुवा नियुक्ती सम्वन्धमा ।
१७, करार पदपुर्ति विज्ञापन प्रकाशन सम्वन्धमा ।
१८, विज्ञापन कर ठेक्का सूचना प्रकाशन सम्वन्धमा ।
१९, थर्पु प्रहरी लाइ इन्धन सुविधा सम्वन्धमा ।
२०, लिलाम विक्री ठेक्का सूचना प्रकाशन सम्वन्धमा ।
२१, ल्याण्डफिल्ड साईटको लागी ट्याक्टर खरिद सम्वन्धमा ।
२२, विद्यालय लेखापरिक्षण सम्वन्धमा ।
२३, मेशीनरी औजार मर्मत सम्वन्धमा ।
२४, उपभोक्ता समिति गठन सम्वन्धमा ।
२५, वकिल करार नविकरण सम्वन्धमा ।
२६, खरिद योजना तथा खरिद गुरुयोजना स्वीकृत सम्वन्धमा ।
२७, स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने सम्वन्धमा ।
२८, करार विज्ञापन सूचना प्रकाशन सम्वन्धमा ।
२९, महङ्गी भत्ता सम्वन्धमा ।
३०, विपदजन्य आर्थिक साहायता सम्वन्धमा ।
३१, उप सग विधुर कार्यक्रम सूचना प्रकाशन सम्वन्धमा ।
३२, वनपैदावर राजश्व असुलि सम्वन्धमा ।
३३, ठेक्का तथा उपभोक्ता समितिको म्याद थप सम्वन्धमा ।

Scanned with CamScanner

३४, थर्पु अस्पताल डा. थप सुविधा सम्वन्धमा ।
३५, लागत अनुमान स्वीकृत तथा खरिद सम्वन्धमा ।
३६, अध्यन विदा तथा विभागीय स्वीकृती सम्वन्धमा ।
३७, प्रोत्साहन भत्ता सम्वन्धमा ।
३८, वालमैत्री स्थानीय शासन कार्यान्वयन सहजिकरण समिति गठन सम्वन्धमा ।
३९, योजना फरफारक सम्वन्धमा ।
४०, अघिल्लो निर्णय कार्यान्वयन समिक्षा सम्वन्धमा ।
४१, विविध विषय सम्वन्धमा ।

Scanned with CamScanner

**मिति २०८२।०४।०५ को गाउँ कार्यपालिका वैठकका निर्णयहरु**
**निर्णय न. १७६/२०८२।०८३– ०१,**

म्याग्दे गाउँपालिकाको ग.त. आ.व. ०८१।०८२ को वार्षिक समिक्षा, र चालु आ.व. ०८२।०८३ को वजेट सार्वजनीक करिब ३५० जना ( वर्तमान पदाधिकारी, निवर्तमान पदाधिकारी, कर्मचारी, टोल विकास संस्था, स्थानीय राजनीतिक दल लगाएत सरोकार सवै ) सहभागीता हुनेगरी तपशिल वमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.न. | विषय | मिति | स्थान | कैफिएत |
|---|---|---|---|---|
| ०१ | वार्षिक समिक्षा ०८१।०८२ | २०८२।०४।१२ गते | म्याग्दे सभाहल | |
| ०२ | वजेट सार्वजनिक०८२।०८३ | २०८२।०४।१२ गते | म्याग्दे सभाहल | |

**निर्णय न. १७६/२०८२।०८३– ०२,**

चालु आ.व. ०८२।०८३ को स्वीकृत वजेटको परिधि भित्र रही कार्यालयको प्रयोजनको लागी २ थान मोटरसाईकल सोझै खरिद गर्ने निर्णय गरियो ।

**निर्णय न. १७६/२०८२।०८३– ०३,**

खानी तथा भुगर्भ विभाग कपूरधारामार्ग लैनचौर काठमाण्डौको पत्र सख्या ०८१।०८२–१३३६, च.न. २२७८ मिति २०८१।१०।२८ को ग्राभेल उत्खनन् अनुमतिको प्राविधिक सहमती सम्वन्धी पत्र/त्यसैगरी सोही विभागको पत्र सख्या ०८१।०८२–३१४८ च.न. ३५१२ मिति २०८२।०३।३१ को उत्खनन् अनुमतिपत्र प्रदान गर्ने सम्वन्धी पत्र प्राप्त भई दुवै पत्रको व्यहोरा अवगत भयो । उक्त पत्रको व्यहोरा प्रचलीत कानुन ( खानी तथा खनिज पदार्थ ऐन २०४२ को दफा ५,खानी तथा खनिज पदार्थ नियमावली २०५६ को नियम १५र ३७ मा भएको व्यवस्था ) अनुसार निवेदक कसर उद्योग श्री Dhor Barahi Mines and Crusher Udyog Pvt.Ltd म्याग्दे ५ ढुलपुरेटार तनहुँ लाई प्रचलीत कानुन तथा मिति २०८२।०३।१६ को गाउँसभा निर्णय, /मिति २०८२।०४।०५ को स्थानीय खानी विकास समितिको सिफारिस तथा निर्णय/ मिति २०८२।०४।०५ को स्थानीय राजश्व परामर्श समितिको सिफारिस तथा निर्णय/ समेतको आधार सगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अर्न्तगत दफा ११ को उपदफा (प) मा भएका व्यवस्थाहरु कमश (प १) जलाधार वन्यजन्तु खानी तथा खनीज पदार्थ संरक्षण सम्वन्धी स्थानीय नीति कानुन मापदण्ड तथा योजनाको कार्यन्वयन र नियमन/ (प५), खानी तथा खनिज पदार्थ सम्वन्धी सूचना तथा तथ्याङ्क संकलन / (प७) ढुङ्गा गिटी वालुवा नुन माटो खरिढुङ्गा तथा स्लेट जस्ता

Scanned with CamScanner

प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन सहित योजना अनुगमन समितिको सिफारीस समेतको आधारमा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेश सहित गाउँपालिकाले सम्झौता गरी मिति २०८२ असार २ गते देखी २०८२ असार २५ सम्म सम्पन्न गरेका सबै (गाउँपालिका स्तरीय वडास्तरीय, र विषयगत शाखा स्तरीय) योजना तथा कार्यक्रम निर्धारीत गुणस्तरमा सम्पन्न भएको हुदा फरफारक गर्ने निर्णय गरियो ।

निर्णय न.१७६/२०८२।०८३– ४०,

मिति २०८२।०३।०२ को कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकिय अधिकृतले पेश गरेको प्रगती विवरण जानकारी भई अझै कार्यन्वयनमा तिव्रता दिने निर्णय गरियो ।

निर्णय न. १७६/२०८२।०८३–४१

(क) तपशिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कानुनको विवरण | गा.पा. तथा सभा वाट स्वीकृत मिति | राजपत्र प्रकाशन मिति | खण्ड / सख्या |
|---|---|---|---|---|
| ०१ | म्याग्दे गा.पा. का घरबहालकर व्यवस्थापन कार्यविधि २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या १० |
| ०२ | म्याग्दे गा.पा. का भुमी बैक कार्यक्रम कार्यविधि २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या ११ |
| ०३ | म्याग्दे गा.पा. का राहात सामाग्री वितरण सम्बन्धी कार्यविधि २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या १२ |
| ०४ | म्याग्दे गा.पा. को सम्क्षीप्त वातावरणीय अध्यन तथा प्रारम्भीक वातावरणीय परिक्षण कार्यविधि २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या १३ |
| ०५ | म्याग्दे गाउँपालिकाको जटिल प्रकृतिका असाध्य रोग लागेमा गरिने आर्थिक सहयोग ( पोषणयुक्त खाना तथा यातायात खर्च बापत )सम्बन्धी कार्यविधि २०७७ को पहिलो शंशोधन २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या १४ |
| ०६ | म्याग्दे गा.पा. को विपद व्यवस्थापन कोष ( सञ्चालन ) कार्यविधि २०७५ को पहिलो शंशोधन २०८२ | २०८२।०४।०५ | | खण्ड ९ सख्या १५ |

(ख) चालुवर्ष ०८२।०८३ मा वडा नं १, ६, र ७ मा आधुनिक प्रविधीबाट व्यावसायीक नमुना स्तरीय कोदो खेतीको व्यवस्थापन गरी पाईलटिङका रुपमा प्रवर्द्धन गर्ने उन्नत प्रविधीबाट नयानया जातको कोदोको परिक्षण प्रर्दशन गरि उपयुक्त जातको पहिचान गरि उत्पादनमा वृद्धि गराउने व्यावसायीक कोदोखेतीको क्षेत्रमा सस्थागत विकासका साथै क्षमता अभिवृद्धि तालिम व्यस्थापन गरी आयश्रोतमा वृद्धि गर्ने उत्पादन गरीएको अर्गानिक कोदो कोदोको कृषीउपजलाई बजार व्यवस्थापन गरी उपभोक्तालाइ सेवा दिने कोदोको पकेटक्षेत्रबाट उत्पादीत कृषीउपजहरुलाइ

Scanned with CamScanner

गाउँटोलबाटनै सस्तो सरल साभा सहकारी पसलको व्यवस्थापन गर्ने/विभिन्न किसीमका कोदोको कृषि उपजको उपयोगीताको वारेमा प्रविधी साहायता तथा ज्ञान सीकाएर तालिमको व्यवस्थापन गर्नेगरी उर्जा तथा वातावरण नेपाल वाट प्राप्त भएको प्रस्ताव अनुसार तपशिल बमोजिम कार्यक्रम तर्फवाट वजेट खर्च गर्नेगरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कृयाकलाप | अनुमानीत वजेट रु | ग.पा. तर्फको खर्च गर्ने वजेट शिर्शक |
|---|---|---|---|
| ०१ | स्थानीय मदीरा उत्पादन, अवलोकन भ्रमण तथा प्रशिक्षण कार्य २ दिने ४० जना सहभागी गराई | १,९५,०००।० | सि.न. ४८ अध्यक्ष र उपाध्यक्ष सग जनता कार्यकम/ सि.न.५५ गै.स.स. सग साफेदारी कार्यकम/ सि.न. ६७ विभिन्न अभिमुखीकरण कार्यकम वाट |
| ०२ | कोदोको लागी थ्रेसर तथा कुटानी मेशीन तथा प्रविधि खरिद तथा हस्तान्तरण ३ वटा वडामा | २,४०,०००।० | सि.न. ४८ अध्यक्ष र उपाध्यक्ष सग जनता कार्यकम/ सि.न.५५ गै.स.स. सग साफेदारी कार्यकम/ सि.न. ६७ विभिन्न अभिमुखीकरण कार्यकम वाट |
| ०३ | परिक्षण प्रदर्शनीको अवलोकन तुलानात्मक उत्पादन रेकर्ड/समुहगत छलफल तथा किसान समुहको सामुहिक प्रतिकृया/ बिउ छनौट भण्डारण तथा व्यवस्थापन तालिम/ बजार आवश्यक्ता पहिचान तथा व्यवस्थापन तालिम/ व्यावशायिक दिगोपना उत्पादनको लागी सामुहिक छलफल / तथा प्रविधि उपयोग अन्तकृर्या छलफल ३ वटा वडाहरु कमश वडा न. १, वडा न. ६, र वडा न. ७ मा करीव १४ पटकको लागी खाजा स्टेशनरी तथा प्रशिक्षण भत्ता समेत | २,७०,०००।० | सि.न. ४८ अध्यक्ष र उपाध्यक्ष सग जनता कार्यकम/ सि.न.५५ गै.स.स. सग साफेदारी कार्यकम/ सि.न. ६७ विभिन्न अभिमुखीकरण कार्यकम वाट |
| | जम्मा रु | ७,०५,०००।० | |
| | गा. पा. तर्फवाट ८०% जम्मा रु | ५,६४,०००।० | |
| | गै.स.स. तर्फ वाट २०% जम्मा रु | १,४१,०००।० | |

(ग) आजको वैठकमा कुनै पनि विवाद नभई सर्वसम्मत रुपमा ४१ वटा निर्णय सम्पन्न भयो ।

Scanned with CamScanner